# कटहरिया नगरपालिका
## चौथो बजेट अधिवेशन २०७७/०७८
## पाँचौ नगर सभा २०७७
## नीति तथा कार्यक्रम र बजेट वक्तव्य

यस समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथिहरु, विभिन्न राजनेतिक पार्टीका अध्यक्ष एवम् प्रतिनिधि ज्यू,उप मेयर ज्यू,वडाअध्यक्ष ज्यूहरु,नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु,यो न.पा हेर्ने नेपाल प्रहरी तथा सस्त्र प्रहरी प्रमुख ज्यू, राष्ट्रसेवक कर्मचारीहरु एवम् पत्रकार मित्रहरु,एवम् अन्य अतिथि गण,

यस विश्वव्यापी कोरोना महामारीका कारण उत्पन्न असामान्य परिस्थितिका बिच कटहरिया नगर कार्यपालिकाको तर्फबाट म यस गरिमामय सभा समक्ष अगामी आर्थिक वर्ष २०७७/०७८ को निति तथा कार्यक्रम र बजेटको प्रस्ताव गर्नको लागि उभिएको छु । यस महत्वपूर्ण घडीमा सर्वप्रथम, लोकतान्त्रिक आन्दोलन, सशस्त्र संघर्ष, आमुल परिवर्तनको लागि समाजिक तथा मुक्ति आन्दोलनमा सहादत प्राप्त गर्ने सबै आदरणीय ज्ञात अज्ञात अमर सहिदहरु , विश्वव्यापी नोभोल कोराना भाईरस को माहामारीबाट ज्यान गुमाउनेहरुलाई स्मरण गर्दै वहाँहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । अग्रगामी परिवर्तनका आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सम्पूर्ण व्यक्तित्व प्रति हार्दिक सम्मान तथा कोरोना भाईरसबाट स्रकमित भई उपचारको क्रममा रहनु भएका व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु । संगसंगै कोरोना महामारीको विरुद्ध अग्र मोर्चामा ज्यान जोखिममा राखि संघर्षरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी र नागरिक सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

कोरोना भाइरस (कोभिड-१९) महामारी एवम् लकडाउनले सृजना गरेको अस्तव्यस्त परिस्थितिको बीच कोरोना भाइरस (कोभिड-१९) महामारीबाट आम नगरवासीको जीवन रक्षा गर्ने र नगरको विकास पनि संगसंगै लाने गरी आ.व.२०७७/०७८ को बजेट प्रस्ताव गरेको छु । यस कटहरिया नगरपालिकाले कोरोनको जोखिम व्यवस्थापन तथा न्युनीकरण मा जिल्लामा नै सबभन्दा उत्कृष्ट रुपमा नै व्यवस्थापन गरेको नमूनाको रुपमा सबै जनसमुदायमा सर्वविदितै छ । स्वास्थ्य सेवा प्रति कोरोना विरुद्ध सचेत गराउदैं विकास कार्यलाई पुनःतिव्र पार्न सकिन्छ भन्ने विश्वास राखेको छु ।

भर्खर केही वर्ष अगाडी स्थापित भएको यो नगरपालिकालाई संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन, प्रशासनिक संरचना निर्माण, कानूनी पूर्वाधार, भौतिक पूर्वाधार लगायतका अन्य पूर्वाधारहरुको विकास गर्नुपर्ने आवश्यकता संगै जनताको अपेक्षा अनुसार विकास कार्यलाई तीव्रता दिन चुनौति हाम्रो सामु रहदाँ पनि वैश्विक कोरोना महामारीले थप नयाँ चुनौतिहरु खडा गरेको सन्दर्भमा उक्त चुनौतिहरुको सामना गर्न सबै राजनीतिक दल, जनप्रतिनिधि, संघसंस्था र आम जनताको सक्रिय सहयोग र ऐक्यबद्धता रहनेछ भन्ने आशा र विश्वास लिएको छु ।

देशको परिवर्तन तथा नगरको विकासमा महत्वपूर्ण योगदान गर्दै आएको कटहरिया नगरवासीको दृढ ईचछाशक्ति एवम् हाम्रै पालामा कटहरिया नगरलाई स्मार्ट बनाउन सकिन्छ भन्ने आत्माविस्वास नै

हाम्रो उर्जा हो । यस कटहरिया नगरपालिकाको नेतृत्व एक निम्न परिवारको सदस्यबाट अगाडी बढीरहेको सफल नेतृत्वलाई प्रतिकृयावादी शक्तिहरुले स्वीकार गर्न नसकिरहेको अवस्था र नगरपालिकाको विकास कार्यक्रम अन्तर्गत हुने विकासको गतिविधिहरुलाई प्रभावित पार्न विभिन्न किसिमका बाधा,अडचन तथा दुस प्रयास गरिरहेको साथै महत्वपूण पूर्वाधार विकासमा नगरपालिकाले राखेको प्राथमिकताले अन्य बजेट सिमा कम देखिएको कुरालाई गलत पचार प्रसार गरिरहेको यर्थाथलाई न्याय तथा विकास प्रेमी जनताको सहयोगले त्यसका विरुद्ध सफल रुपमा अगाडी बढीरहेको संघर्षशिल यात्रा र नेतृत्वलाई अभाव ,दवाव,प्रभावमा पार्न नगरका सदस्य तथा वडा अध्यक्षहरुलाई विभिन्न प्रलोभनमा पारि नेतृत्वलाई विफल तथा अकुंश लागउन र नगर सभा हुन न दिन विभिन्न किसिमका प्रपंञ्हरु गरिरहेको अर्को तर्फ दुई जना कार्यलय प्रमुख जस्तो कर्मचारीहरु निलम्बन हुनुका साथै हामी बिच कोरोनाको प्रभाव र त्यसबाट हुने गरेको जोखिमको न्युनिकरणमा हाम्रो ध्यान जानु जस्ता विषयबस्तुले नगर सभा केही ढिलो हुन गएको व्यवहोरा जनकारी गराउन चाहन्छु ।

यो निति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा कोरोना महामारीबाट सृजित चुनौतिहरुलाई ध्यानमा राखी आम नगरवासीको चाहना, भावना र मागको आधारमा यहाँको श्रोत, साधन र सामर्थ्यको भरपुर सदुपयोग गरी संविधान र कानूनले दिएको क्षेत्राधिकार भित्र रही जनप्रतिनिधि एवम् अगुवा व्यक्तित्वहरुको परामर्शलाई समेत मार्गदर्शनको रुपमा लिई यो बजेट विनियोजन प्रस्ताव गरेको छु ।

गत चालु आ.व. को बजेट खर्च कोरोना संक्रमण तथा लकडाउनको कारण केही प्रभावित भए पनि न.पाको लागत सहभागितामा छेदी चौकमा शितभणडार(कोल्ड स्टोर) निमार्ण तथा कृषि बजारीकरणको लागि रु ४१ करोड, वार्ड न. ४ र ५ मा वर्षाको पानी व्यावस्थापन कार्य गर्न रु ५६.५ करोड र कटहरिया बजारको व्यवस्थित भौतिक पूर्वाधार विकास निमार्ण जस्ता महत्वपूर्ण आयोजनाहरुको निर्माण कार्य नगरपालिकाको लागत सहभागितमा अगाडि बढ्दै छ । समाजिक क्षेत्रको प्रगति सकरात्म छ, स्वास्थ्य सेवामा इमरजेन्सी संचालन भए पछि नगरवासी तथा छिमेकी नगरवासीको उपचारमा सहज पहुँच भएको छ ।अवनलाई कक्षा तथा एफेम आदिबाट पठन पाठन अगाडी बढाएको सर्वविदिदै छ । धार्मिक-सांस्कृतिक पर्यटन विकासको लागि मठ मन्दिरको निर्माणको साथै रामजानकी मठ कटहरियालाई पर्यटन विकासमा जोड दिएको छु ।

**गत आ.व.२०७६/०७७ को बजेट समिक्षा**

| | | | | |
|---|---|---|---|---|
| क्र.स | विवरण नाम | जम्मा निकासा रकम | खर्च | प्रतिशत |
| १. | गत आ.व.०७५।०७६ को मौज्दात | १६६६२१.३३ | | |
| | संचितकोष रु. १६६६२१.३३ | | | |
| २. | शसर्त अनुदान | १६,०३,१६,०००।- | १४,२६,४२,१९५.६२।- | ८९% |
| ३. | प्रदेश सरकार समानिकरण | ७३,७७,०००।- | ७३७७०००।- | १००% |
| ४. | प्रदेश समपुरक अनुदान | ४००००००।- | ०।- | ०% |
| ५. | प्रदेश सरकार विषेश अनुदान | ३००००००।- | २९१००००।- | ९७% |
| ६. | प्रदेश सरकार शसर्त अनुदान | १००००००००।- | ९६९९५९२।- | ९७% |
| ७. | वितिय समानिकरण | ११८६०००००।- | ११८६०००००।- | १००% |

| | | | | |
|---|---|---|---|---|
| ८. | राजश्व बाँडफाड | ५८५८०५८६.०८।- | ५८५८०५८६.०८।- | १००% |
| ९. | नगरपालिका कोष(आन्तरिक आय | १००५४९८१.४०।- | १००५४९८१.४०।- | १००% |
| १०. | सामाजिक सुरक्षा | ११३०४३४००।- | ११३०४३४००।- | १००% |
| | **जम्मा** | **४८५१३८५८८.८१।-** | **४६२९०७७५५.१०।-** | |

**आ.व.२०७७/०७८ को बजेटश्रोत :**

आन्तरिक बजेट श्रोतको रुपमा यस नगरपालिकाको सञ्चित कोषमा नेपाल सरकारबाट प्राप्त अनुदान वित्तीय समानिकरण रु.११,३५,०३,९९७-विषय गत शाखा तथा शशर्त अनुदान रु.१९,४३,००,०००।-नेपाल सरकारबाट राजस्व बाँडफाड अनुदान रु.७,९७,०२,४६०।-संघिय र प्रदेश सरकारको फीज रकम फिर्ता रु.१,९६,०५,०६२.३८।- र वडा समिति ४,५३,६२,०००। गरी कुलजम्मा रकम रु.४५,२४,७३,५१९.३८।- को सिमा भित्र रही आ.व.२०७७।०७८ को निति ,कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ ।

आदरणीय नगर सभा सदस्य ज्यूहरु,

"कटहरिया नगरपालिकाको समृद्धिको आधार, कृषि औधोगिक र शहरीकरण सहितको पूर्वाधार" विकासमा जोड दिने गरी आर्थिक, समाजिक, भौतिक विकास लगायतका पूर्वाधार विकास मार्फत तिव्र आर्थिक वृद्धि हासिल गर्नेलक्ष्य राखेको छु साथै दिगो विकासको व्यस्थापन एवं सुशासनको प्रत्याभूतिको आधार तयार गरिनेछ ।

१. <u>आर्थिक विकासतर्फ</u>

(क) कृषि

- कृषकहरुलाई आर्थिक स्तर उकास्न व्यवसायिक खेतीको लागी सिचाई गर्न निशुल्क पानी उपलब्ध गराउन कृषि मिटरको बिल साथै नगरवासी लाई आर्थिक समान्तामा टेवा पुग्ने उद्देश्य राखी घर उज्यालो राख्न उठेको घर मिटरको २० यूनिट सम्मको विधुक्त महसुल नगरपालिकाले तिर्ने छ जसको लागि रु.४५ लाख विनियोजन गरेको छु ।
- कृषिमा राम्रो उत्पादनको लागि माटो परिक्षण तथा उन्नत जातका धानको बिउ निशुल्क वितरण गर्ने छु । जसको लागि रु.१५ लाख विनियोजन गरेको छु ।
- व्यवसायिक कृषि उत्पादन केन्द्र पौकेट विकास कार्यक्रम संचालन गरिनेछ । जसको लागि रु.२० लाख विनियोजन गरेको छु ।
- कृषकको उत्पादन वस्तुको विक्रीदरलाई सन्तुलित राख्न कटहरिया नगरपालिका वडा नं. १ र २ पर्ने छेदी चौकमा आधुनिक किसिमको शीत भण्डार (कोल्ड स्टोर) सहितको बजारीकरणको लागि यसै बर्षमा लागत सहभागितामा टेन्डर गरि छिटै निर्माण कार्य गराउने छु । जसको लागि रु.१ करोड १० लाख विनियोजन गरेको छु ।
- किसानलाई सहज र सस्तो मलखाद उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- आधुनिक र व्यवसायिक फर्म संचालन गर्ने किसानलाई प्रोत्साहन गरिने छु । जसमा मोटर वितरण गर्न ५ लाख विनियोजन गरिने छु ।

(ख) भुमि व्यवस्था तथा सहकारी

- ऐलानी सार्वजनिक जग्गालाई संरक्षण तथा सदुपयोगको नीति लिइनेछ ।
- सहकारी मार्फत हुने विक्री वितरणलाई व्यवस्थित र पारदर्शी गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमन गरि नेपाल सरकारबाट स्वरोजगार तथा गरिबी निवारणको उद्देश्यमा केन्द्रित रही नयाँ सहकारी संस्था दर्ता र संचालनमा ठोस कार्यक्रम ल्याइने ।
- कृषि सहकारी र ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन र नियमन गरिनेछ।

(ग) पशु, पंक्षि तथा मत्स्य

- पशुपक्षीमा लाग्ने विभिन्न रोगहरु विरुद्ध भ्याक्सीन लगाउने कार्यक्रममा जोड दिनेछु । यसको लागी रु. ५ लाख विनियोजन गरेको छु ।
- परम्परागत रागां, साढलाई विस्थापित गरि कृत्रिम गर्भधारण एआई द्धारा पशु नशल सुधार कार्यक्रमलाई अगाडि बढाईने छ ।
- गाई र भैसी जस्ता दूग्ध जन्य पशुको सुतकेरी स्यहार भता रु १५०० को दरले अनुदान दिईने छ । जसको लागि रु.१५ लाख विनियोजन गरेको छु ।
- माछा मासुको विक्री वितरणलाई स्वच्छ र सफा राख्न विशेष व्यवस्था गरिनेछ ।
- व्यवसायिक माछा पालनलाई बढावा दिईने नीतिमा जोड दिइनेछ ।
- भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पौकेट) विकास कार्यक्रम संचालन गरिनेछ । जसको लागि रु. २५ लाख विनियोजन गरिएको छु ।

घ) पर्यटन तथा संस्कृति

- ऐतिहासिक पुरातात्विक धरोहरुको संरक्षण गर्ने उदेशयले प्ररम्परागत रुपमा निर्मित मठ मन्दिर, महजिदहरुको संरक्षण र प्रवद्धन तथा धार्मिक सांस्कृतिक कार्यक्रम संचालनको लागि आर्थिक सहयोगको व्यवस्था गरिने छ । जसमा रु.७ लाख विनियोजन गरिएको छु ।

(ङ) उद्योग, वाणिज्य तथा वितिय

- घरेलु उद्योगलाई प्रोत्साहन तथा नियमन गरिनेछ ।
- उधोग सम्बन्धि आवश्यक कानुन बनाइनेछ ।

२. <u>सामाजिक विकास तर्फ :</u>

(क) शिक्षा तथा खेलकुद

- गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन, अध्यापन प्रणालीलाई प्रवर्द्धन गर्न प्राथमिकता दिंदै प्रत्येक सरकारी तथा सामुदायीक आधारभूत तथा माध्यमिक विद्यालयको संस्थागत सुधारतथा भवन निर्माण कार्यको लागि रु.२ करोड छुट्याएको छु ।
- विद्यालयहरुमा लिने सम्पूर्ण परिक्षा निशुल्कमा निरन्तरता दिदैं । यसको लागि रु.२० लाख विनियोजन गरिएको छु ।
- बाल विकास शिक्षकहरु,खरिदार सरहको शिक्षक र पियनलाई पाईरहेको तलवमा प्रोत्साहन स्वरुप मासिक रु.२००० हजार थप्प दिने व्यवस्थापन गरिएको छु जसको लागी रु.३० लाख छुट्याएको छु ।

- यस नगर भित्रका सम्पुर्ण विद्यालयको रगंरोदनलाई एकरुपता ल्याउन मर्मत, सम्भांर तथा रगंरोदन कार्यको लागी पहल गरिने छ ।
- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय जाने वातावरण बनाउन बालमैत्रि शिक्षामा जोड दिइनेछ ।
- विद्यालय समयमा शिक्षक नियमित पोसागमा अनिर्वाय हुनु पर्ने विषयलाई कडाईको साथ अनुगमण गरिने छ ।
- नगर स्तरीय निशुल्क परिक्षा संचालनको लागि रु.२० लाख विनियोजन गरेको छु ।
- शैक्षिक संस्थाहरुको नियमित अनुगमनका व्यवस्था मिलाइने छ ।

(ख) स्वास्थ्य

- आम जनताको प्राथमिक स्वास्थ्य उपचारको लागि कटहरिया पी.एच.सी.मा २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध तथा कटहरिया न.पा.४ मा स्वास्थ्य एकाई संचालन गर्न कोलागि थप दक्ष जनशक्तिहरु करारमा भर्ना गरिने छ । यसको लागि रु.४५ लाख विनियोजन गरेको छु ।
- महिला स्वमसेविकाहरुलाई प्रोत्साहन सवरुप प्रत्येक महिना रु.१५०० दिदै आएको कार्यक्रमलाई निरन्तरता दिइने छ । यसको लागि रु.१० लाख विनियोजन गरेको छु ।
- आयुर्वेद उपचार केन्द्र र प्राकृतिक चिक्तिसा केन्द्रको स्थापनाको आवश्यक पहल गरिने छ । जसको लागि रु. ५ लाख विनियोजन गरिएको छु ।
- निजी क्षेत्र, ट्रष्ट, लोककल्याणकारी संघ संस्थाबाट स्वास्थ्य संस्था संचालनकोलागि दर्ता नविकरण, स्वीकृति, अनुमतिको व्यवस्था मिलाई नियमन गरिनेछ ।
- सुत्केरी गराउन आउने महिलालाई प्रोतोसाहन तथा सुरक्षित सुत्केरी गराउनको लागि नगरभित्र निःशुल्क एम्बुलेन्सको व्यवस्थापन गरिनेछु ।

(ग) खानेपानी तथा सरसफाई

- मधेशकै नमुनाको रुपमा संचालनमा रहेको तेस्रो सना शहरी खानेपानीको मिटरको बिलमा जनतालाई सहयोग पुग्ने उद्देश्यले तेस्रो सना शहरी खानेपानी उपभोक्ता समिति कटहरियालाई अनुदानको व्यवस्था मिलाइने छ । यसको लागि रु. २० लाख विनियोजन गरिएको छु ।
- नगरपालिका क्षेत्रभित्र सरसफाई योजना संचालन गरी फोहोर व्यवस्थापनको उचित व्यवस्था मिलाइने छ ।जसमा ७ लाख विनियोजन गरिनेछु ।
- “स्वच्छ शहर कटहरिया नगर” को नारा अवलम्बन गर्दै कटहरिया नगरपालिका वडा नं.४ र ५ मा बर्षाको पानी व्यवस्थापनको लागि स्ट्रोम ड्रेनेज निर्माणको लागि रु.५६.५ करोडको टेन्डर भएकोमा यस नगरपालिकाले १५ प्रतिशतको रकम रु. ५ करोड २४ लाख लागत सहभागिता गर्नुपर्नेमा यस आ.व.मा रु. १ करोड२५ लाख विनियोजन गरेको छु ।

(घ) लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- सिता माताको जन्म उत्सव ( सिता ज्यन्ती) सार्वजनिक रुपमा मनाउन रु.१० लाख विनियोजन गरेको छु ।
- दलित तथा विपन्न वर्गहरुलाई वयवस्थित बसोबासको लागी नमुनाको रुपमा छेदीचौकमा दुई तल्ले १३ वटा पक्की घर निर्माण गरिने छ ।जसको लागि रु.१ करोड १० लाख विनियोजन गरेको छु ।
- दिनमा विवाह गर्ने केटी पक्षलाई रु.२० हजार र केटा पक्षलाई रु.१० हजार दिने कार्यक्रमलाई निरन्तरता दिनेछु । जसको लागि रु. २.५ लाख विनियोजन गरेको छु ।

(ङ) उपभोक्ता हित संरक्षण :

- उपभोक्ता हित संरक्षणका निमित्त बजार व्यवस्थापनमा जोड दिइनेछ ।

३. <u>पूर्वाधार विकासतर्फ</u>

(क) सडक तथा पुल

- "सडक सञ्जालको विस्तार, समृद्धीको आधार" भन्ने मान्यताको साथ विभिन्न सडकहरुलाई हाइबे संग जोडिने छ तथा कृषि सडक नयाँ निर्माण, बजार संग कृषि सडक जोड्ने आवश्यक ठाउँहरुमा पुल कलभट निर्माण गरि न.पा.का सबै सडक संचालनमा जोड दिनेछु । जसको लागि रु.१ करोड ५० लाख विनियोजन गरेको छु ।

(ख) सिंचाइ

- सहज सिंचाइको लागी सोलर टयुवेल जडान कार्यलाई प्राथमिकता दिइने छ ।
- वागमति सिचाइलाई प्राथमिकतामा राखि सबे वडामा कुलो निर्माण तथा सरसफाइमा जोड दिनेछु । जसको लागि रु. ८० लाख विनियोजन गरेको छु ।

(ग) भवन तथा शहरी विकास

- भवन निर्माणको लागि भवन संहिता लागु गरिने छ ।तथा सोको नियम अनुसार सामुदायिक भवन तथा अन्य भवनहरु बनाउन जोड दिने छु ।

(घ) संचार

- दुरसंचारलाई भरपर्दो र प्रभावकारी बनाउन प्रत्येक वडाको ५ स्थानमा फ्री वाईफाईको व्यवस्थापन गरी संचालनमा ल्याउन रु.८ लाख विनियोजन गरेको छु ।

४. <u>वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र</u>

(क) वातावरण संरक्षण

- यस नगरपालिकामा दाउराको अभाव तथा धुवाँबाट हुने प्रदुषणलाई ध्यानमा राखि चुल्हो धुवाँमुक्त नगर घोषणा गर्दै एक परिवारमा एक ग्याँस चुल्हो वितरणको कार्यलाई निरन्तरता दिन रु. ३० लाख विनियोजन गरेको छु ।
- नियमित प्राकृतिक विपद्को रुपमा रहेको बाढी, आगलागि र शीतलहरबाट बचाउन रु.१५ लाख विनियोजन गरेको छु ।
- छिमेकी नगरपालिका संग सहकार्य गरी वारुण यन्त्रण खरिद गर्न पहल गर्न जोड दिनेछु । जसको लागि म्याचिङ्ग फन्डको लागि रु. ४० लाख व्यवस्था गरिएको छु ।

५.	<u>संस्थागत विकास तथा सेवा प्रवाह</u>

- कटहरिया बजारलाई व्यवथित गर्न टेन्डर गरी निर्माण कार्य गर्न पहल गरिइने छ ।
- नगरभित्रका बजार क्षेत्रमा सी.सी.क्यामरा जडान कार्यलाई विस्तार गरिनेछ ।
- विधुत महसुल तथा मालपोतको शाखा कार्यालय सम्बन्धित सेवा स्थानिय स्तरमा नै संचालनका लागि विशेष पहल गरिने छ ।
- विधालय, स्वास्थ्य संस्थाहरु र सरकारी कार्यालयहरुमा सी.सी.क्यामरा र पोल बतिको जडान गरिने छ । जसको लागि रु. १५ लाख विनियोजन गरेको छु ।
- प्रत्येक विधालयहरुमा आवश्यक फर्निचरको व्यवस्था मिलाइने छ ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गरिइने छ ।

६.	<u>वितिय व्यवस्थापन र सुशासन तर्फ</u>

- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्थाको निरन्तरता सहित प्रभावकारी बनाइने छ ।
- वितिय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । वितिय जोखिम न्यूनीकरणको लागि वितिय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइने छ ।
- नगरपालिकाको आर्थिक कारोवारलाई सरकारी मापदण्ड अनुरुप Online पद्धतिमा राखिने छ ।
- अन्तिम लेखापरीक्षण र बेरुजु फछयौंटलाई तोकिएको समयमा सम्पन गर्ने नीति लिइने छ ।

अन्त्यमा आजको यस पाँचौ नगरसभाको उद्घाटन समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाईदिनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथिहरु, विभिन्न राजनेतिक पाट्रीका अध्यक्ष एवम् प्रतिनिधि ज्यू,उप मेयर ज्यू,वडाअध्यक्ष ज्यूहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, यो न.पा हेर्ने नेपाल प्रहरी तथा सस्त्र प्रहरी प्रमुख ज्यू, राष्ट्रसेवक कर्मचारीहरु एवम् पत्रकार मित्रहरु,एवम् अन्य अतिथि गण लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदय देखि नै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !

२०७७ कार्तिक २८ गते शुक्रबार

सियाराम प्रसाद कुशवाहा
नगर प्रमुख तथा नगर सभाध्यक्ष
कटहरिया नगरपालिका नगर कार्यपालिका
तथा नगर सभा